# भेडाबाख्रा उपचार प्राविधिक प्रतिवेदन, २०८२/८३

(२०८२ माघ २३ गते देखि ऐ.२९ गतेसम्म)

किस्पाङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प्रतिवेदन तयार कर्ता:

श्रीकृष्ण बजगाई
ना.प.से.प्रा.
पशु सेवा शाखा

डा.प्रेम जि.एम.
पशु चिकित्सक
पशु सेवा शाखा प्रमुख

## प्राविधिक प्रतिवेदन

# गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाख्रा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३

## भेडाबाख्रामा एक्कासि खुट्टा लरखराउने, दाँत किटकिटाउने, पछाडिको खुट्टा नटेक्ने जस्ता लक्षण देखिएपछि प्राविधिक टोली खटाई लक्षण देखा परेका भेडाबाख्राहरुको उपचार तथा व्यवस्थापन कार्यको प्रतिवेदन-२०८२/०८३

### १. पृष्ठभूमि

किस्पाङ गाउँपालिसका वडा नं. १ निवासी श्री जुकर तामाङ ले घुम्ती गोठमा पालन गरिरहेको ६३० वटा भेडाबाख्राहरु मध्ये मिति २०८२/१०/२३ गते विहान देखि अचानक १०० वटा भन्दा बढी भेडाबाख्राहरु एक्कासि बिरामि भइ खुट्टा लरखराउने ,पेट फुल्ने, पछाडिको खुट्टा नटेकने, दाँत किटकिटाउने जस्ता लक्षणहरु देखा परी किस्पाङ गाउँपालिका पशु सेवा शाखामा जनकारी पश्चात गाउँपालिकाबाट पशुसेवा शाखाको प्राविधिक टोलि खटाइ बिरामि भेडाबाख्राहरुको उपचार र समस्या पहिचानको लागि केन्द्रिय रोग अन्वेशण प्रयोगशालामा समेत आवश्यक रगतको नमुना तथा पोष्टर्माटम पश्चात आवश्यक नमुना समेत पठाइ थप समस्या पहिचान, उपचारको लागी समेत सहज हुने भएकाले र तत्काल समस्य भएको भेडाबाख्राहरुलाई लक्षणको आधारमा गरिएको उपचार बाट क्रमिक सुधार भई भेडाबाख्रा उपचार गरिएको सन्दर्भ प्रस्तुत गरिएको छ। मिति२०८२/१०/२३ गते बिहान ११ बजे भेडाबाख्राहरूमा एक्कासि बिरामी भई खुट्टा लरखराउने, पेट असामान्य रूपमा फुल्ने, पछाडिको खुट्टा नटेकिने, दाँत किटकिटाउने, सुस्त हुने तथा ढल्ने जस्ता गम्भीर लक्षणहरू देखा परेका थिए। उक्त अवस्था देखिएपछि सम्बन्धित कृषकहरूले तुरुन्तै किस्पाङ गाउँपालिका पशु सेवा शाखा मा जानकारी गराएका थिए। सूचना प्राप्त हुनासाथ पशु सेवा शाखाबाट प्राविधिक टोली खटाई प्रभावित क्षेत्रमा स्थलगत अवलोकन, बिरामी पशुको स्वास्थ्य परीक्षण तथा प्रारम्भिक उपचार कार्य सुरु गरिएको थियो। सोही कार्यको विस्तृत विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ।

### २. उद्देश्य

यस कार्यको मुख्य उद्देश्यहरू निम्नानुसार रहेका थिए:

१. प्रभावित भेडाबाख्राहरूको स्वास्थ्य अवस्थाको स्थलगत मूल्याङ्कन गर्नु।
२. देखिएको लक्षणको सम्भावित कारण (Etiology) पहिचान गर्नु।
३. तत्काल उपचार तथा नियन्त्रणका उपायहरू अवलम्बन गर्नु ।
४. भविष्यमा यस्ता समस्या नदोहोरिने गरी रोकथाम तथा व्यवस्थापन सम्बन्धी सुझाव दिनु।

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काउले, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

## ३. सूचना प्राप्ति र टोली परिचालन

मितिः२०८२/१०/२३ गते बिहान करिब ११ बजे कृषकबाट फोन मार्फत जानकारी प्राप्त भयो। उक्त जनकारी पश्चात **पशु सेवा कार्यालय ढुङ्गे नुवाकोट** सँग आवश्यक सहयोग र सहजिकरण को लागि समन्वय गरियो ।

सूचना प्राप्त भएपछि पशुसेवा शाखाबाट निम्न प्राविधिक टोली खटाइएको थियोः

- पशु चिकित्सकः डा. प्रेम जि.एम. पशु सेवा शाखा प्रमुख
- पशु स्वास्थ्य प्राविधिकः रामकृष्ण यादव पशु सेवा शाखा
- पशु स्वास्थ्य प्राविधिकः श्रीकृष्ण बजगाई पशु सेवा शाखा
- सहायक प्राविधिकः सुरेश न्यौपाने २ नं. वडा पशु प्राविधिक
- सहायक प्राविधिकः निर्मल नेपाली १ नं. वडा पशु प्राविधिक

टोली आवश्यक औषधि, भिटामिन, खनिज मिश्रण तथा प्राथमिक उपचार सामग्री सहित घटनास्थलतर्फ प्रस्थान गरेको थियो।

**५.समय र स्थानः-** दिउँसो ३:४५ बजे किस्पाङ गाउँपालिका आवश्यक तयारी गरी किस्पाङ गाउँलालिकाको भौगोलिक हिसाबले कठिन स्थान किस्पाङ-१, भाल्चेको खर्क गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा तिर लागियो।

## ६.स्थलगत अवलोकन

स्थलगत निरीक्षण गर्दा निम्न अवस्थाहरू भेटिएः

✓ **बथानको अवस्था**

- कुल भेडाबाखा संख्याः ६३०
- प्रभावित भेडाबाखा संख्याः करिब १००
- उमेर समूहः करिब ५ दिन देखि ७ वर्ष
- आहारः चरन /केहिलाई खर्कमा पाउने स्याउला
- खोर अवस्थाः आंशिक चिस्यानयुक्त, र ढुङ्गे ओडार छेउ खुल्ला आकास
- मौसम अवस्थाः करिव २७०० मिटरको उचाइमा चिसोको हल्का प्रभाव
- बिरामी भेडाबाखाको उमेर समुहः करिब ६ महिना देखि ३ बर्ष सम्मको
- मृत्युको अवस्थाः-भेडा करीब २ बर्ष र ३ बर्षको ३ वटा भेडाको मृत्यू भएको

## ७.कृषकसँग बिरामी भेडाबाखाको अवस्था बारे जनकारी

- ✓ बिहान चरण लाने तयरी गर्दा उक्त समस्या थाहा पाएको उक्त भेडाहरु करीब १३ दिन अगाडी ११०० मिटरको उचाइ बाट घुम्ति गोठ उक्त स्थानमा लगीएको हाल सम्म आन्तरिक परजिवि बिरुद्धको कुनै उपचार नगरीएको जानकारी समेत प्राप्त भयो । मितिः२०८२/१०/२१ गते पशु प्राविधिकहरु बाट पि.पि.आर विरुद्धको खोप लगाइ खोप बारे सबै जानकारी समेत गराएको । कृषकको भनाइ अनुसार बाह्रय परजिवि र लोकल नाम **मसेत ( Chhiger Mites)** किरा बिरुद्ध बजारमा पाउने **PORON PLUS** आँखाको भागमा मिति २०८२/१०/२२ प्रयोग गरिएको जनकारी समेत प्राप्त भएको र सो स्थानमा उक्त बिषादीको खोल समेत फेला परेको।




✓

## ८.देखिएका लक्षणहरू

- भेडाबाखा उठन खोज्दा लरखराउनु,
- उठन नसक्नु
- र्‍याल काड्नु
- दाँत किटकिटाउने
- पछाडिको भाग कमजोर हुनु
- केहीमा हल्का ज्वरो
- केहि भेडाहरुमा आँखामा थेलेजिया(Thelezia spp.) परजिवि देखा परेको
- पोष्टर्माटम तथा नमुना संकलन
- पोष्टमार्टमको क्रममा गोलो जुका देखा परेको

## ९. प्रारम्भिक निदान

क्लिनिकल लक्षणको आधारमा निम्न सम्भावित रोगहरु देखिएका थिए:

- विष लागेको (poisoning)
- इन्टरटक्सिमिया (E.T.)
- मौसम परिवर्तन भन्दा छिटो गोठ पुर्याउदा चिसोको प्रभाव
- Vitamin B-Complex Deficiency
- Nutritional deficiency
- आन्तरिक परजिविको उपचार नहुदाँ परजिवि बाट भेडाबाख ग्रसित हुनु
    - नमुना संकलन गरी परीक्षणको लागी पठाएको

## १०. उपचार कार्य

प्रभावित भेडाबाखाहरूमा तौल अनुसार निम्न औषधि प्रयोग गरिएको थियोः

- CPM Inj.
- Meloxicam-P Inj.
- Dexamethasone Injection
- Vitamin B-Complex Injection
- Oxytetracycline Inj.
- Atropine Injection
- NS (Normal Saline) Injection
- Multivitamin oral
- Afanil(anti-bloat) sup oral
- Ivermectin Inj.
- Broad Spectrum Antibiotic (आवश्यकता अनुसार)
- Oxyclozanide -L Sup
- Albendazole tab
- Melox -P Tab
- Oxytetracycline Tab
- Amoxycillin Inj.

औषधि तौल अनुसार पशु चिकित्सकको सिफारिसमा प्रयोग गरिएको थियो।

## ११.सहायक व्यवस्थापन

- प्रभावित पशुहरूलाई त्रिपाल मुनि राखिएको
- न्यानो तथा सुख्खा स्थानको व्यवस्था गरिएको
- हरियो घाँस उपलब्ध गराइएको
- सफा पिउन योग्य पानी दिएको
- Multivitiman खुवाएको

## १२. उपचारपश्चातको अवस्था

उपचार पश्चात २४–४८ घण्टाभित्र अधिकांश भेडाबाखामा सुधार देखियोः

- १०० वटा मघ्ये करिब ८० वटा सुधार आएको
- धेरै जसोको दाँत किटकिटाउने बन्द भएको
- आहारा खाएको
- उभिन र हिँड्न सक्षम भएको

केही गम्भीर अवस्थाका भेडाबाखामा थप २–३ दिन निरन्तर उपचार आवश्यक परेको थियो।

## १३. सिफारिस तथा सुझाव

भविष्यमा यस्ता समस्या दोहोरिन नदिन निम्न सिफारिसहरू गरिएको छः

१. नियमित आन्तरिक परजिवि विरुद्धको औषधि खुवाउन सल्लाह दिइयो।
२. भेडाबाखा प्रयोग गर्ने औषधि प्राविधिकको सल्लाह अनुसार मात्र प्रयोग गर्ने ।
३. समय समयमा प्राविधिक सल्लाह लिइ स्वास्थ्य परीक्षण गराउने।
४. रोग देखिएमा तुरुन्त प्राविधिकलाई खबर गर्ने।
५. आवश्यक खोप कार्यक्रम पालना गर्ने।

## १४. वृस्तित विवरण

- कुल भेडाबाखा संख्याः ६३०
- प्रभावित भेडाबाखा संख्याः करिब १००
- उमेर समूहः करिब ५ दिन देखि ७ वर्ष
- बिरामी भेडाबाखाको उमेर समुहः करिब ६ महिना देखि ३ बर्ष सम्मको
- मृत्युको अवस्थाः-भेडा करीब २ बर्ष र ३ बर्षको ३ वटा भेडाको मृत्यू भएको
- उपचार पश्चात निको भएको भेडाबाखा संख्याः-९१ बढि
- जम्मा मृत्यू संख्याः-९

## १४. नमुना परिक्षणको रिर्पोट

**किस्पाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काहुले, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

प.सं. :- २०८२।८३
च.नं. :- १०६५

मिति.२०८२/१०/२५

विषय- नमुना पठाइएको सम्वन्धमा ।

श्री केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला,
त्रिपुरेश्वर, काठमाडौ ।

प्रस्तुत विषयमा यस गाउँपालिका १ नं वडा निवासी जुकर तामाङले पालन गरिरहेको भेडा बाखाहरुमा एक्कासी खुट्टा लरखराउने, पछाडीको खुट्टा नटेक्ने, दात किट्किट्उने जस्ता लक्षण देखिएकोले परिक्षणको लागि तपसिल अनुसारको नमुना पठाइएको बेहोरा अनुरोध छ ।

तपसिल

| क्र.स. | विवरण | नमुना संकलन मिति | कैफियत |
|---|---|---|---|
| 1 | 317/30505/01 -Heart/sheep/F | 2082/10/24 | |
| 2 | 317/30505/01- liver/sheep/F | 2082/10/24 | |
| 3 | 317/30505/01 -kidney/sheep/F | 2082/10/24 | |
| 4 | 317/30505/01 Intestine/sheep/F | 2082/10/24 | |
| 5 | 317/30505/01 -Lungs/sheep/F | 2082/10/24 | |
| 6 | 317/30505/01-Blood/sheep/F | 2082/10/25 | बिरामि भएको औषधि नलाएको |
| 7 | 317/30505/01-Blood/sheep/F | 2082/10/25 | औषधी चलाएको |

..........................
गणेश लाल वि.क.
(नि.प्रमुख प्रशासकीय अधिकृत)

kispangrm@gmail.com, info@kispangmun.gov.np www.kispangmun.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला
त्रिपुरेश्वर, काठमाडौं

फोन: ५३१२१४३
५३६१८८७
ई-मेल: cvlgov01@gmail.com

पत्र संख्या: २०८२।८३
च.नं. ५२५

मिति: २०८२/१०/२८
नेपाल संवत् ११४६

श्री किस्पाङ गाउँपालिका,
नुवाकोट ।

विषय: परीक्षणको नतिजा पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ पालिकाको च.नं. १०६५, मिति २०८२/१०/२५ गतेको पत्रानुसार प्राप्त नुवाकोट जिल्ला, किस्पाङ गाउँपालिका वडा नं. ०१ को किसान श्री जुकर तामाङले पालन गरेको बाख्राको नमूनालाई यस प्रयोगशालामा परीक्षण गर्दा प्राप्त भएको नतिजा यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

.............................................
डा. बरुण कुमार शर्मा
प्रमुख पशु चिकित्सक

बोधार्थ:
श्री पशु सेवा विभाग, हरिहरभवन, ललितपुर ।

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काफुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

# गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

## CENTRAL VETERINARY LABORATORY

Tripureshwor, Kathmandu
Tel: 01-5361938, 5312376, 5312143

### SEROLOGY

SEROLOGY REPORT (SEROLOGY UNIT)

**Owner's Detail**

**Redg No :** 26014406
**Date :** 2082-10-28
**Serology No :**
**Owner's Name :** Kispang Rural Municipality, Nuwakot ( Jukar Tamang)
**Farm Name :**
**Address :** Nuwakot, Kispang Rural Municipality - 1,
**Phone Number :**
**Ward Number :** 1

**Sample's Detail**

**Animal Tag/ID:**
**Species:** Sheep
**Breed/Type:** Lampuchhre
**Hatchery/Source of Animal:**
**Source of Feed:**
**Sex:** N/A, **Age:**
**Flock/Herd Size:** 0
**Sample Type:** Intestine
**Sample Category:**
**Investigation Requested For:** CCPP,Enterotoxaemia,
**Sample Submitted By:**

**Test Details**

**Date of Sample Received:** 2082-10-28
**Sample Type:** Intestine
**Number of sample:**
**Test Date:** 2082-10-28

**Test Results**

| S No. | Investigation | Test Method | Results | Remarks |
|---|---|---|---|---|
| 1 | Enterotoxaemia | ELISA | Positive | Enterotoxaemia Type D Positive |

**Disclaimer :** This report is only valid for sample/s that has been submitted to the laboratory for investigation. This report is not allowed for publication or duplication without written consent of the lobratory.

Unit Incharge:

Approved By:

******End of Report******

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

imis.cvl.gov.np/haematology/generate_report/11168

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

# CENTRAL VETERINARY LABORATORY

Tripureshwor, Kathmandu
Tel: 01-5361938, 5312376, 5312143

## PATHOLOGY SECTION (HAEMATOLOGY REPORT)

### Owner's Detail

**Regd No:** 26014406
**Date:** 2082-10-27
**Haematology No:**
**Owner's Name:** Kispang Rural Municipality, Nuwakot ( Jukar Tamang)
**Farm Name:**
**Address:** Nuwakot, Kispang Rural Municipality - 1,
**Phone Number:**
**Ward Number:** 1

### Sample's Detail

**Animal Tag/ID:** Medicine Not Used
**Species:** Sheep
**Breed/Type:** Lampuchhre
**Hatchery/Source of Animal:**
**Source of Feed:**
**Sex:** N/A, **Age:**
**Flock/Herd Size:**
**Sample Type:** Blood
**Sample Category:**
**Investigation Requested For:** CBC,Blood Parasite,Bacterial Culture,DS

### Complete Blood Count

| Test | Value | Reference Range | Remarks |
|---|---|---|---|
| Basophil(B) (%) | 0 | 0 - 3 | |
| Eosinophil(E) (%) | 6 | | |
| Hb (gm/100) | 13.3 | 9.3 - 14.8 | |
| Lymphocyte(L) (%) | 55 | | |
| Monocyte(M) (%) | 2 | 0 - 6 | |
| Neutrophils(N) (%) | 35 | 10 - 50 | |
| PCV (%) | 40 | 27 - 43 | |
| Total RBC (Millions Cu.mm) | 6.6 | 8.5 - 13.5 | |
| Total WBC (1000 Cu.mm) | 10.1 | 4 - 12 | |

### Haemoprotozoan

**Species:** Negative

Reference range has been taken from Merck & Co., Inc., Rahway, NJ, USA.
**Disclaimer:** This report is only valid for sample/s that has been submitted to the laboratory for investigation. This report is not allowed for publication or duplication without written consent of the laboratory.

Unit Incharge:

Approved By:

******End of Report******

2/11/26, 11:09 AM lmis.cvl.gov.np/haematology/generate_report/11169

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

# CENTRAL VETERINARY LABORATORY

Tripureshwor, Kathmandu
Tel: 01-5361938, 5312376, 5312143

## PATHOLOGY SECTION (HAEMATOLOGY REPORT)

### Owner's Detail

**Redg No :** 26014406
**Date :** 2082-10-27
**Haematology No :**
**Owner's Name :** Kispang Rural Municipality, Nuwakot ( Jukar Tamang)
**Farm Name :**
**Address :** Nuwakot, Kispang Rural Municipality - 1,
**Phone Number :**
**Ward Number :** 1

### Sample's Detail

**Animal Tag/ID:** Medicine Used
**Species:** Sheep
**Breed/Type:** Lampuchhre
**Hatchery/Source of Animal:**
**Source of Feed:**
**Sex:** N/A, **Age:**
**Flock/Herd Size:**
**Sample Type:** Blood
**Sample Category:**
**Investigation Requested For:** CBC,Blood Parasite,Bacterial Culture,DST

### Complete Blood Count

| Test | Value | Reference Range | Remarks |
|---|---|---|---|
| Basophil(B) (%) | 0 | 0 - 3 | |
| Eosinophil(E) (%) | 4 | | |
| Hb (gm/100) | 11.5 | 9.3 - 14.8 | |
| Lymphocyte(L) (%) | 62 | | |
| Monocyte(M) (%) | 4 | 0 - 6 | |
| Neutrophils(N) (%) | 30 | 10 - 50 | |
| PCV (%) | 35 | 27 - 43 | |
| Total RBC (Millions Cu mm) | 5.8 | 8.5 - 13.5 | |
| Total WBC (1000 Cu mm) | 9.3 | 4 - 12 | |

### Haemoprotozoan

**Species :** Anaplasma

Reference range has been taken from Merck & Co., Inc., Rahway, NJ, USA

**Disclaimer :** This report is only valid for sample/s that has been submitted to the laboratory for investigation. This report is not allowed for publication or duplication without written consent of the laboratory

Unit Incharge:                                        Approved By:

******End of Report******

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

# CENTRAL VETERINARY LABORATORY

Tripureshwor, Kathmandu
Tel: 01-5361938, 5312376, 5312143

## BACTERIOLOGY/ MYCOLOGY REPORT

### Owner's Detail

Reg No : 2504426
Date : 2082-10-28
Bacteriology No :
Owner's Name : Kispang Rural Municipality, Nuwakot ( Jukor Tamang)
Farm Name :
Address: Nuwakot, Kispang Rural Municipality - 1,
Phone Number :
Ward Number : 1

### Sample's Detail

**Animal Tag/ID:**
**Species:** Sheep
**Breed/Type:** Lampuchhre
**Hatchery/Source of Animal:**
**Source of Feed:**
**Sex:** N/A, **Age:**
**Flock/Herd Size:**
**Sample Type:** Lungs
**Sample Category:**
**Investigation Requested For:** MCCP,PCR,PPR PCR,Bacterial Culture,DST

### Test Result

Isolated Organism: *Mannheimia haemolytica*

Antibiotic Sensitivity Test Methods

| S.N. | Antibiotic Name | Sensitivity | Remarks |
|---|---|---|---|
| | Colistin Screen | S | |
| | Ceftriaxone (CRO/CTR) | S | |
| | Tetracycline (T) | S | |
| 1 | Trimethoprim/Sulfamethoxazole | S | |

Approved Remarks:

Disclaimer : This report is only valid for sample/s that has been submitted to the laboratory for investigation. This report is not allowed for publication or duplication without written consent of the ...

Unit Incharge — Approved By:

******End of Report******

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काउले, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

/13/26, 12:44 PM lmis.cvl.gov.np/biology/generate_report/2450#

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

# CENTRAL VETERINARY LABORATORY

Tripureshwor, Kathmandu
Tel: 01-5361938, 5312376, 5312143

## MOLECULAR BIOLOGY

MOLECULAR REPORT (MOLECULAR UNIT)

### Owner's Detail

**Redg No:** 26014406
**Date:**
**Molecular Biology No:**
**Owner's Name:** Kispang Rural Municipality, Nuwakot ( Jukar Tamang)
**Farm Name:**
**Address:** Nuwakot, Kispang Rural Municipality - 1,
**Phone Number:**
**Ward Number:** 1

### Sample's Detail

**Animal Tag/ID:**
**Species:** Sheep
**Breed/Type:** Lampuchhre
**Hatchery/Source of Animal:**
**Source of Feed:**
**Sex:** N/A, **Age:**
**Flock/Herd Size:**
**Sample Type:** Tissue
**Sample Category:**
**Investigation Requested For:** MCCP.PCR,PPR.PCR,Bacterial Culture,DST,
**Sample Submitted By:**

**Test Details**

**Date of Sample Received:** 2082-10-26
**Sample Type:** Tissue
**Number of sample:**
**Test Date:** 2082-11-01

**Test Results**

| S No. | Sample Code | Test Conducted | Test Method | PCR Results | Remarks |
|---|---|---|---|---|---|
| 1 | | Capripox | qPCR | Negative | |
| 2 | | Pasteurella | qPCR | Negative | |
| 3 | | MCCP | qPCR | Negative | |
| 4 | | PPR | qPCR | Negative | |

**Test Details**

**Date of Sample Received:** 2082-10-26
**Sample Type:** Tissue
**Number of sample:**
**Test Date:** 2082-11-01

**Test Results**

| S No. | Sample Code | Test Conducted | Test Method | PCR Results | Remarks |
|---|---|---|---|---|---|
| 1 | | Capripox | qPCR | Negative | |
| 2 | | Pasteurella | qPCR | Negative | |
| 3 | | MCCP | qPCR | Negative | |
| 4 | | PPR | qPCR | Negative | |

**Disclaimer:** This report is only valid for sample/s that has been submitted to the laboratory for investigation. This report is not allowed for publication or duplication without written consent of the labratory.

**Unit Incharge:**

**Approved By:**

https://lmis.cvl.gov.np/biology/generate_report/2450#

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

# गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३

2/13/26, 12:43 PM lmis.cvl.gov.np/biology/generate_report/2451

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services

## CENTRAL VETERINARY LABORATORY

Tripureshwor, Kathmandu
Tel: 01-5361938, 5312376, 5312143

## MOLECULAR BIOLOGY

**MOLECULAR REPORT (MOLECULAR UNIT)**

### Owner's Detail

**Redg No :** 26014406
**Date :**
**Molecular Biology No :**
**Owner's Name :** Kispang Rural Municipality, Nuwakot ( Jukar Tamang)
**Farm Name :**
**Address :** Nuwakot, Kispang Rural Municipality - 1,
**Phone Number :**
**Ward Number :** 1

### Sample's Detail

**Animal Tag/ID:**
**Species:** Sheep
**Breed/Type:** Lampuchhre
**Hatchery/Source of Animal:**
**Source of Feed:**
**Sex:** N/A, **Age:**
**Flock/Herd Size:**
**Sample Type:** Lungs
**Sample Category:**
**Investigation Requested For:** MCCP.PCR,PPR.PCR,Bacterial Culture,DST,
**Sample Submitted By:**

**Test Details**

**Date of Sample Received:** 2082-10-26
**Sample Type:** Lungs
**Number of sample:**
**Test Date:** 2082-11-01

**Test Results**

| S No. | Sample Code | Test Conducted | Test Method | PCR Results | Remarks |
|---|---|---|---|---|---|
| 1 | | Capripox | qPCR | Negative | |
| 2 | | Pasteurella | qPCR | Negative | |
| 3 | | MCCP | qPCR | Negative | |
| 4 | | PPR | qPCR | Negative | |

**Test Details**

**Date of Sample Received:** 2082-10-26
**Sample Type:** Lungs
**Number of sample:**
**Test Date:** 2082-11-01

**Test Results**

| S No. | Sample Code | Test Conducted | Test Method | PCR Results | Remarks |
|---|---|---|---|---|---|
| 1 | | Capripox | qPCR | Negative | |
| 2 | | Pasteurella | qPCR | Negative | |
| 3 | | MCCP | qPCR | Negative | |
| 4 | | PPR | qPCR | Negative | |

**Disclaimer:** This report is only valid for sample/s that has been submitted to the laboratory for investigation. This report is not allowed for publication or duplication without written consent of the laboratory.

| Unit Incharge: | | Approved By: |
|---|---|---|

https://lmis.cvl.gov.np/biology/generate_report/2451 1/2

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- ०८२/८३
च.नं. :- १०६८

मिति.२०८२/१०/२६

विषय - प्राविधिक सहयोग सम्वन्धमा ।

श्री पशु सेवा कार्यालय,
ढुङ्गे नुवाकोट ।

प्रस्तुत विषयमा यस गाउँपालिका १ नं वडा निवासी जुकर तामाङले पालन गरिरहेको ६३० वटा भेडा मध्ये करिव ८० वटा भेडामा मितिः२०८२/१०/२२ गते देखी एक्कासी खुट्टा लरखराउने, पछाडीको खुट्टा नटेक्ने, दात किट्किट्उने जस्ता लक्षण देखिएको र ७ वटा भेडाको मृत्यु समेत भएकोले उपचारको लागि प्राविधिक सहयोग उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

...................................
गणेश लाल बि.क.
(नि.प्रमुख प्रशासकीय अधिकृत)

kispangrm@gmail.com, info@kispangmun.gov.np www.kispangmun.gov.np

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

किस्पाङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

काहुले, नुवाकोट

प.सं. :- २०८२।०८२
च.नं. :- १११६

बागमती प्रदेश, नेपाल
मिति:२०८२।११।०५

**विषयः नमुना परीक्षण सम्बन्धमा।**

श्री केन्द्रिय पशुपन्छि रोग अन्वेषण प्रयोगशाला,
त्रिपुरेश्वर, काठमाडौं।

प्रस्तुत विषयमा यस किस्पाङ गाउँपालिका वडा न. १ मा कृषकहरुले पालन गरीरहेको भेडाहरुमा खुट्टा लरर्खराउने ,पेट फुल्ने, पछाडिको खुट्टा नटेकने , दात किटकिटाउने जस्ता लक्षणहरु देखा परि भेडाहरुहरुको मृत्यु हुने सख्या बढ्दै गएकाले यस रोग पहिचान गरी रोग रोकथाम को लागि तपसिल बमोजिमको नमुना संकलन गरी पठाइएको छ ।उक्त नमुना परिक्षण गरी रोग पहिचान गरी पठाइदिन हुन अनुरोध छ ।

तपसिल

१.३१७/३०५०५/०१/Blood,serum/sheep/f/2082/10/29 for detection of poron plus(-amitroz ip-1% w/v
-cypermethrin-1% w/v
-piperonyl butoxide(pbo)-5%w/v ) poisoning

नमुना संकलन कर्ता

१. डा. प्रेम जि.एम. किस्पाङ गाउँपालिका, काहुले, नुवाकोट ९८६३८३६३३८
२. श्रीकृष्ण बजगाई किस्पाङ गाउँपालिका, काहुले, नुवाकोट- ९७४५३६०१२०

(चक्र बहादुर शाही)
नि.प्रमुख प्रशासकीय अधिकृत

kispangrm@gmail.com, info@kispangmun.gov.np www.kispangmun.gov.np

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला
त्रिपुरेश्वर, काठमाडौं

फोन: ५२१२१४३
५२६१८६७
ई-मेल: cvlgov01@gmail.com

पत्र संख्या: २०८२।८३
च.नं. ५६०

मिति: २०८२/११/११
नेपाल संवत् ११४६

श्री किस्पाङ गाउँपालिका,
नुवाकोट ।

विषय: जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाको च.नं. १११७, मिति २०८२/११/०५ गतेको पत्रानुसार प्राप्त नुवाकोट जिल्ला, किस्पाङ गाउँपालिका वडा नं. ०१ को किसानहरुले पालन गरेको भेडाहरुको Blood र Serum नमूनाहरुलाई विषादि परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला पठाइएकोमा उक्त प्रयोगशालाबाट सो नमूनामा औषधी जन्य पदार्थ परीक्षण गर्ने सुविधा नभएको भनी प्राप्त भएको पत्रको छायाकपी यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

.........................................
डा. वरुण कुमार शर्मा
प्रमुख पशु चिकित्सक

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३

# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला

खुमलटार, ललितपुर

आ. व. :- २०८२।०८३
च. नं. :- १०४३

मिति : २०८२।११।१०

श्री केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला,
त्रिपुरेश्वर, काठमाडौं

विषय : नमुना फिर्ता सम्बन्धमा ।

उपर्यूक्त सम्बन्धमा त्यस कार्यालयको पत्र संख्या ०८२।०८३, च.नं. ५५६, मिति २०८२।११।१० गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । पत्रमा उल्लेख भए अनुसार भेडाहरुको पोष्टमार्टमका क्रममा निकालिएको Blood र Serum नमुनामा औषधि जन्य पदार्थ परिक्षण गर्ने सुविधा यस प्रयोगशालामा उपलब्ध नभएकोले प्राप्त नमूनाहरु पत्र वाहक श्री. दिपेश बहादुर रानामगर मार्फत फिर्ता पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

कोपिला गौतम

केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला
त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. : ४०९
दर्ता मिति : २०८२।११।११

ठेगाना :- खुमलटार, ललितपुर, फोन नं.: ०१-५९२०९२७,०१-५२५३०४९
Email: nafol@forensic.gov.np, national.forensic@gmail.com, Website: www.forensic.gov.np

**१५. निष्कर्षः**-नेपालको संविधान स्थानिय सरकार संचालन ऐन २०७४ को मर्म र भावना अनुरुप स्थानिय तहको जिम्मेवारि अनुसार कृषकहरुले सरल सहज तरिकाले सेवा सुविधा पाउने नजिकको सरकारको प्रत्याभुत दिलाउन कृषकहरुले पालन गरिको भेडाबाखामा देखिएको लक्षण अनुसारको समस्या समयमै सूचना प्राप्त भई प्राविधिक टोली परिचालन गरिएकोले ठूलो क्षति हुनबाट जोगिएको छ ।उचित उपचार, व्यवस्थापन तथा कृषकलाई दिइएको परामर्शका कारण हाल बथानको अवस्था सामान्यतर्फ उन्मुख रहेको छ। रोगको सम्भावित कारण पहिचान गर्न आवश्यक रगतका नमुनाहरू संकलन गरिनुका साथै मृत पशुहरूको पोस्टमार्टम गरी आवश्यक नमुनाहरू संकलन गरिएको थियो। ती नमुनाहरू थप वैज्ञानिक परीक्षणका लागि केन्द्रीय रोग अन्वेषण प्रयोगशाला पठाइएको थियो।प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनका आधारमा रोगको प्रकृति पहिचान गरी सोही अनुरूप औषधि उपचार, सहायक उपचार (supportive therapy), पोषण व्यवस्थापन तथा आवश्यक सल्लाह—सुझाव प्रदान गरिएको थियो। प्रभावित क्षेत्रमा रोग फैलिन नदिन जैव—सुरक्षा (biosecurity) का उपायहरू अपनाउन कृषकहरूलाई सचेतना समेत प्रदान गरिएको थियो।समयमै सूचना संकलन, द्रुत प्राविधिक परिचालन, वैज्ञानिक परीक्षण, प्रभावकारी उपचार तथा कृषक—प्राविधिक समन्वयका कारण रोग नियन्त्रणमा आई सबै उपचार गरिएका बिरामी भेडाबाखाहरू पूर्ण रूपमा निको भएका छन्।यस घटनाबाट समयमै सूचना प्रवाह र शीघ्र प्राविधिक सहयोगले सम्भावित महामारी नियन्त्रण गर्न सकिने स्पष्ट भएको छ। स्थानीय तह, प्रदेश र केन्द्रीय कार्यालयहरुको प्राविधिक निकायख बिचको समन्वय, वैज्ञानिक परीक्षण प्रणालीको प्रयोग, तथा प्रभावकारी उपचार व्यवस्थापनका कारण पशुधनको सम्भावित क्षति न्यूनीकरण गर्न सफल भएको उल्लेखनीय उदाहरण प्रस्तुत भएको छ।

**प्रतिवेदन तयार कर्ता**
नामः-श्रीकृष्ण बजगाई
पदः-ना.प.से.प्रा.
मितिः२०८२/११/०५

डा.प्रेम जि.एम.
पशु चिकित्सक
पशु सेवा शाखा प्रमुख


किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काफुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

# गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाख्रा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३









किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काफुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३







किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३










किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३










किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३









किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३






किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३










किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३


गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३





किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३
















किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३




किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३









किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३










किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३









किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३





किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३









किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३











किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३



किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३







किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

## सामाजिक संजालमा आएका प्रतिक्रयाहरु

# संघीयताको चमत्कार हेर्न नुवाकोटको किस्पाङ जानू !

रेडियो ENGLISH



ज्ञानेन्द्र खड्का

३ फाल्गुन २०८२, आइतबार

पढ्न लाग्ने समय : 7 मिनेट

1.4k
Shares

अ अ अ

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

गोङ्गाभज्याङ ताप्लेपा ढुङ्गे ओडारमा बिरामि भेडाबाखा उपचार प्राविधिक प्रतिवेदन २०८२/०८३




**किस्पाङ, नुवाकोट–**

**दृश्य-एक**

ADVERTISEMENT




बिहीबार सबेरै बिहान उठेर चिहाउँदा तीन हजार मिटर उचाइको गोङ्गा भञ्ज्याङ तुसारोले सेताम्य थियो । उत्तरमा रसुवातिर लाङटाङ हिमालमा घामको किरण नपर्दै किस्पाङ गाउँपालिका कार्यालयबाट खटिएका डा. प्रेम जीएमसहितका पशु स्वास्थ्यकर्मी एक जना कृषकसँग परामर्शमा व्यस्त थिए ।

खासमा भेडा पालन व्यवसायलाई युवा पुस्तासम्म धानेका २४ वर्षीय बयान घले तनावमा थिए । उनका करिब ६५० भेडामध्ये केही दर्जन सिकिस्त बिरामी थिए । तिनको उपचारमा जीएमसहित पशु स्वास्थ्यकर्मी श्रीकृष्ण बजगाईं र सुरेश न्यौपानेसमेत खटिएका थिए ।

ADVERTISEMENT




बिहीबार पनि केही बिरामी भेडा बगालबाट छुट्याएर उपचारका लागि गोङ्गो भञ्ज्याङमै राखिएको थियो । तिनलाई सबेरै बिहान बाहिर निकालेर बगालसँग लैजान कृषक घले तयार थिए ।

किस्पाङको उच्च पहाडी र हिमाली क्षेत्रमा अहिले पनि सयौंको संख्यामा भेडासहितका पशुपालन हुने गरेको छ । तर, बेला-बेला आइरहने विभिन्न रोगका कारण कृषकहरूले हैरानी पाइरहन्छन् । कहिलेकाहीं त बगाल नै मासिने जोखिम पनि हुन्छ ।

कृषकको त्यही समस्या बुझेर गाउँपालिकाको केन्द्रबाट डाक्टरसहितका पशु स्वास्थ्यकर्मी गोङ्गो भञ्ज्याङमै खटिएका थिए ।

किस्पाङको केन्द्रबाट गोङ्गो भञ्ज्याङसम्म पुग्न सजिलो छैन । उच्च पहाडी जङ्गल छिचोल्दै डोजरले ट्र्याक मात्रै खोलेको कामचलाउ सडक छ ।





त्यही सडक आधा गाडीमा र आधा पैदलै हिउँ किच्दै गोङ्गो भञ्ज्याङ पुगेका उनीहरू एक सातादेखि त्यहीँ खटिएका थिए । तुसारोले सेताम्य चौरमै बसेर डाक्टर जीएमले कृषक युवा बयानलाई अब सबै भेडा निको भइसकेकाले बथानमा लैजान भनिरहेका थिए ।

'हामी एक सातादेखि यहाँ छौं । हामी आउँदा बाक्लो हिउँ थियो । अहिले त्यो पग्लिसकेको छ । तर, चिसो सहन मुश्किल पर्छ', जीएमले भने, 'एक साता यहाँ बसेर गरिएको उपचारले अब बिरामी भेडा निको भइसकेका छन् । बाँकी केही पनि अब निको भएर बगालमा जाँदैछन्', उनले भने, 'कृषकले बिरामी भेडा गाउँपालिकासम्म लिएर आउन सक्दैनन् । तर, हामी हिंड्दै यहाँसम्म आउन त सक्छौं । समयमै उपचार गराउँदा कृषकको लगानी जोगियो, पेशाप्रति उनीहरू ढुक्क पनि भए ।'

देशका अन्य पालिकामा विभिन्न रोग र महामारीले बगालका बगाल भेडा मरिरहँदा किस्पाङले भने कृषकले गुनासो गर्नेबित्तिकै उपचार र जाँचका लागि टोली खटाउने गरेको छ । भेडीगोठ रहेका जङ्गली क्षेत्रमै पालिकाको पशु सेवा शाखाका चिकित्सकले भ्याक्सिन लगाउने, औषधि दिनेसहितका उपचारका सबै विधि प्रयोग गर्छ ।

'यहाँका कृषकलाई परम्परागत पेशाबाट पलायन हुन नदिन गोठ सुधारदेखि घुम्ती शिविरसमेत चलाउने गरेका छौं । पालिकाको साथ मिल्दा युवा पुस्ताले भेडा पालनलाई निरन्तरता दिएका छन् । कुनै रोग र महामारी लाग्नुअघि नै उपचारको व्यवस्था गरिदिएका छौं', किस्पाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाले भने, 'पशुपालक कृषकलाई गाउँमा मात्रै होइन, गोठसम्मै सरकार आएको प्रत्याभूति दिने काम गरिरहेका छौं । पालिकाको यो कोसिसले बयान घलेजस्ता युवाले पशुपालनलाई नयाँ पुस्तासम्म धानेर अघि बढाउन थालेका छन् ।'

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३




पालिकाले यससँगै भेडीगोठका लागि आवश्यक लगानीसमेत गरिदिने गरेको छ । भेडीगोठ क्षेत्रसम्मको पदमार्ग सुधार, खानेपानीको व्यवस्था, पशुको आवश्यक आधारभूत उपचार र विरामी पहिचानसहितका सामान्य सीप पनि दिइने गरिएको छ ।

'भेडीगोठ क्षेत्रमा पानीको अभाव हुने गरेकोले आवश्यक स्रोत पहिचान गरेर निश्चित स्थानसम्म पाइपबाट पुऱ्याउने काम पनि भइरहेको छ । अर्कातिर खर्क क्षेत्रको बाटो सुधारको प्रयास पनि गरिरहेका छौं । सकेसम्म कृषकले भोगिरहेका समस्या समाधान गर्न खोजिरहेका छौं', उनले भने, 'कृषकका मागअनुसारका अनुदान, सहुलियत जस्ता कुरामा पनि पालिकाले काम गरिरहेको छ ।'

किस्पाङका पशुचिकित्सकहरू भेडासहित पशुचौपायाको उपचारमा गोठमा मात्रै होइन, ओढारमासमेत पुग्छन् । ओढारमै पुगेर उनीहरू मानिसलाई जस्तै भेडालाई सुईसँगै स्लाइन पानी पनि चढाउँछन् ।

'सकेसम्म कृषकले एउटा पनि क्षति व्यहोर्नुनपरोस् भनेर लागेका हुन्छौं', नायव पशुसेवा प्राविधिक बजगाईले भने, 'हिउँद वर्षा जुनसुकै बेला बिरामी पर्न सक्छन् । बिरामी पशुचौपाया पालिकामा ल्याउनु भन्न मिल्दैन। त्यसैले सकेसम्म चाँडो उपाय लगाएर गोठदेखि ओढारसम्मै पुगेर उपचार गर्छौं।'

पालिकाले जंगल क्षेत्रमै पशु चिकित्सक पठाएर आफ्ना भेडाबाख्रा बचाइदिँदा युवा कृषक बयान घले पनि खुसी देखिए । सोझो मिजासका उनी कम बोल्थे । तर, बिरामी भएका आफ्ना भेडाबाख्रा पालिकाबाट आएका पशु चिकित्सकको पहलमा बचेकामा उनी पुलकित देखिन्थे । 'मसँग धन्यवाद दिने शब्द नै छैन । रोगले बगालै सकिने डर थियो । खबर गरेपछि पालिकाको टोली नै यहाँ बसेर उपचार गरिदियो', उनले भने, 'बाँकी बिरामी भेडा पनि अब तंग्रिए, यिनलाई बगालतिर लिएर जाँदैछु ।'

उनलाई पशु स्वास्थ्यकर्मीको टोलीले आवश्यक औषधि पनि दिएर पठायो । पशु स्वास्थ्यकर्मीले औषधि खुवाउने तरिका पनि उनलाई सिकाइदिए । निको हुँदै गरेको आधा दर्जन भेडा धपाउँदै उनी हँसिलो मुहार बनाएर गोठतिर सोझिए ।

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३



यससँगै पालिकाले घुम्ती गोठमा पालिएका भेडा–बाख्रामा लाग्ने पीपीआर रोगविरुद्ध गोठ–गोठमै पुगेर निःशुल्क खोप कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यसका लागि साल्मे र गोङ्गो भञ्ज्याङसहितका स्थानमा पशु स्वास्थ्यकर्मी खटिएका छन् ।

**दृश्य २**


किस्पाङ नुवाकोटकै दुर्गममध्ये एक पालिका हो । यहाँको पालिकाको केन्द्र काहुलेमा अवस्थित छ । यहाँको भूगोल सजिलो छैन ।

ठाडो भूबनोटका कारण एक ठाउँबाट अर्को ठाउँमा पुग्न पनि सजिलो छैन । डोजरले सडकको ट्र्याक त खोलेको छ तर सबै ठाउँमा पुग्न सहज भने छैन ।




तामाङ समुदायको बाहुल्य रहेको यहाँका मानिस अझै पनि आफ्नो स्वास्थ्यप्रति पूर्ण चनाखो छैनन् । सरसफाइमा अझै पनि राम्रो ख्याल नगर्दा आइपर्ने अनेक समस्या यहाँका बासिन्दाले भोगिरहेका छन् ।

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३



तर, पालिकाले स्वास्थ्य क्षेत्रका समस्या समाधानका लागि आफूलाई नागरिकका घर घरमा पुर्‍याइरहेको छ । शुक्रबार बिहान गोङ्गो भञ्ज्याङबाट फिर्दै गर्दा पालिकाका स्वास्थ्यकर्मी काहुलेस्थित घर घरमै पुगेर परामर्श गरिरहेका थिए । कोही बिरामी जाँचिरहेका थिए, कोही आवश्यक स्वास्थ्य सुझाव दिइरहेका थिए ।

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३




गाउँ गाउँमा विकास पुगे पनि युवाहरूको विदेश पलायनले चुनौती बढाएको छ । यसको असर कृषि खेतीपाती, पशुपालनदेखि गाउँको विकास निर्माणमा पनि देखिएको छ ।

गाउँपालिका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने फरक विचार र मान्यता भए पनि विकास निर्माणको सवालमा सबैबीच ठूलो मतभेद नरहेको बताउँछन् ।

‘अध्यक्षदेखि वडाध्यक्षसम्म हामीबीच ठूलो मतभेद छैन । त्यहीकारण पाँचै वडामा विकासलाई गति दिन सम्भव भएको छ’, उनले भने, ‘दल फरक हुँदा देखिने सानातिना समस्या जनप्रतिनिधि बसेर समाधान हुन्छन् । संघीयताको सफल कार्यान्वयनको साझा अभ्यास हामीले गरिरहेका छौँ ।’

प्रकाशित मिति : ३ फाल्गुन २०८२, आइतबार ७ : ०० बजे

ADVERTISEMENT

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३